भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८२/१२/१०

प्रस्तावहरु :

प्रस्ताव नं. १ : ललितपुर महानगरपालिकाबाट भीमेश्वर मन्दिर फाल्चाका लागि प्राप्त थप रकम सम्वन्धमा ।

प्रस्ताव नं. २ : पाखलती भवन र कृषि उपज स्टल भाडा लगाउने सम्वन्धमा ।

प्रस्ताव नं. ३ : योजना तथा कार्यक्रम सम्झौता सम्वन्धमा ।

प्रस्ताव नं. ४ : सामाजिक विकास कार्यालय, धुलिखेलको योजना तथा कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ५ : दलित र गैरदलित बीच अन्तरजातीय विवाह प्रोत्साहन कार्यविधि, २०८२ सम्वन्धमा ।

प्रस्ताव नं. ६ : भीमेश्वर नगरपालिकाको बारुणयन्त्र व्यवस्थापन तथा सन्चालन कार्यविधि, २०८२ सम्वन्धमा

प्रस्ताव नं. ७ : सुनौलो हजार दिनका विपन्न महिलाहरुको पोषण सुधारका लागि आयआर्जन अनुदान सम्वन्धमा ।

प्रस्ताव नं. ८ : स्वास्थ्य संस्थामा रिक्त जनशक्ति पदपूर्ति सम्वन्धमा ।

प्रस्ताव नं. ९ : अपांगता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १० : त्रिपाल/प्लास्टिक खरिद सम्वन्धमा

प्रस्ताव नं. ११ : भवनको नियमित तथा अभिलेखको म्याद थप सम्वन्धमा

प्रस्ताव नं. १२ : डिही फसिभै एकिकृत बस्ती योजना निर्माण (फिल्ड सर्भेक्षण कार्य) को म्याद थप सम्वन्धमा ।

प्रस्ताव नं. १३ : झोलुंगे पुल निर्माण/मर्मत आयोजनाको सामाजिक तथा प्राविधिक सेवा गैससको म्याद थप र भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं .१४ : प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना अन्तर्गत योजना संशोधन सम्वन्धमा ।

प्रस्ताव नं .१५ : चरिकोट खानेपानी तथा सरसफाई समिति/संस्था एकीकरण सम्वन्धमा ।

प्रस्ताव नं. १६ : योजनाको लागि बजेट माग सम्वन्धमा ।

प्रस्ताव नं. १७ :

क) दुई पांग्रे संवारी साधन सम्वन्धमा

ख) व्युटीसियन तालिम सम्वन्धमा

ग) मुहान दर्ता सम्वन्धमा

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

...नारायण मानन्धर
नगर प्रमुख

...प्रसाद सुवेदी
...अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८२/१२/१०

निर्णय नं. १ : यस नगरपालिकासँग भगिनी सम्बन्धमा रहेको ललितपुर महानगरपालिका, ललितपुरबाट थप प्राप्त रु ३५,००,०००/- (पैतिस लाख) बाट यस नगरपालिका वडा नं. २ स्थित भीमेश्वर मन्दिर परिसरमा फाल्चा निर्माणका लागि दोलखा भीमेश्वर गुठी व्यवस्थापन समितिसँग सम्झौता गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. २ : यस नगरपलिकाद्वारा निर्मित वडा नं .२ पखालतीस्थित व्यावसायिक भवनमा विगत देखि भाडामा बसेका व्यवसायीहरुले सटर छोड्ने क्रम बढेकोले हालको बजार अवस्था विश्लेषण गरी भाडा पुनराबलोकनका लागि १५ दिनभित्र प्रतिवेदन पेश गर्न राजश्व शाखा प्रमुख श्री विक्रम कार्कीको संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन तथा भाडादर सिफारिस समिति गठन गर्ने ।

श्री विक्रम कार्की, राजश्व प्रमुख............................ संयोजक
ई. नारायण प्रसाद शिवाकोटी, योजना शाखा...............सदस्य
श्री ज्ञानु कुमार खड्का, जिन्सी शाखा ....................सदस्य

निर्णय नं. ३ : चालु आ.व.को विनियोजित बजेटबाट कार्यान्वायन हुने योजना तथा कार्यक्रमहरुमध्ये विपन्न महिला आयआर्जन कार्यक्रम र कृषि अन्तर्गतका वर्खे बालीका कार्यक्रम बाहेक अन्य योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम मिति २०८२ बैशाख १० गतेसम्म मात्र कायम गर्ने ।

निर्णय नं. ४ : सामाजिक विकास कार्यालय, धुलिखेलको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका आयोजना तथा कार्यक्रमको स्थल सार्वजनिक जग्गामा कार्यान्वयन हुने हुँदा उल्लेखेखित योजना तथा कार्यक्रम तोकेको स्थानमा कार्यान्वयनका लागि सिफारिस प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

तपसिल

भित्तेरी खेलमैदान निर्माण, भीनपा ८

हलहले खेलमैदान निर्माण, भीनपा ७

निर्णय नं. ५ : भीमेश्वर नगरपालिकाबाट विगत वर्षहरुमा दलित र गैरदलित बीच अन्तरजातीय विवाह प्रोत्साहन कार्यक्रम कार्यान्वयन हुँदै आएकोमा कार्यविधि मार्फत कार्यान्वयन गर्न उपयुक्त हुने भएकोले दलित र गैरदलित बीच अन्तरजातीय विवाह प्रोत्साहन कार्यक्रम कार्यान्वयन २०८२ तयार गरी आगामी बैठकमा पेश गर्न सामाजिक विकास समितिलाई निर्देशन दिने ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिकाको बारुणयन्त्रलाई थप व्यवस्थित गर्न यस कार्यालयद्वारा तयार पारिएको भीमेश्वर नगरपालिकाको बारुणयन्त्र व्यवस्थापन तथा सन्चालन कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ७ : सङ्घीय सरकारको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिला/बालबालिका कार्यक्रम सन्चालन गर्न चालु आ.व.को विनियोजित बजेट अन्तर्गत यस

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८२/१२/१०

नगरपालिकाका प्रत्येक वडाबाट ३/३ जना र लक्षित समूह बढी भएको वडाबाट ४ जना गरी जम्मा २८ जनालाई जनही रु २५,०००/- (पच्चीस हजार) का दरले उपलव्ध गराउने ।

निर्णय नं. ८ : यस नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा रिक्त अनमी पद संख्या ३, अहेव पद संख्या ३ जना र कार्यालय सहयोगी संख्या १ करार सेवामा पदपूर्ति गर्न सार्वजनिक बिज्ञापन गर्न निर्देशन गर्ने ।

निर्णय नं. ९ : यस नगरक्षेत्र भित्र रहेका अपांगता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गर्नुपर्ने भएकोले समयसापेक्ष अद्यावधिक गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १०: यस नगरपालिकाको चालु आ.व.२०८२/०८३ को विपद व्यवस्थापनमा विनियोजित बजेट (वडा नं. १-९) र नगरपालिका समेतको बजेट मध्ये वडा कार्यालयहरुबाट कार्यान्वायन भईसकेका रकम कट्टा गरी बाँकी एकमुष्ठ रकमबाट त्रिपाल र प्लास्टिक खरिद प्रक्रियामा जान कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ११: यस नगरपालिका क्षेत्रभित्र २०७२ साल भन्दा अगाडि निर्माण भई विभिन्न कारणले प्रक्रियामा नआएका भवनहरुको नियमित तथा अभिलेखीकरण गर्न यस अघि भएको सूचनाको अवधिमा पर्याप्त मात्रामा आवेदन नपरेकोले उल्लेखित कार्यका लागि २०८३ असार मसान्तसम्म म्याद थप गर्न पुनःसूचना प्रकाशन गर्ने ।

निर्णय नं. १२ : यस नगरपालिका वडा नं. ४ स्थित डिही फसिभै एकीकृत वस्ती विकास कार्य सम्पन्न हुन बाँकी रहेकोले २०८२ साल चैत्र मसान्तसम्म म्याद थप गर्ने ।

निर्णय नं. १३ : यस नगरक्षेत्रभित्र रहेका झोलुंगे पुलहरुको निर्माण गर्न प्राविधिक तथा सामाजिक सेवा उपलव्ध गराउन सम्झौता भएको दिगो विकासका लागि नागरिक मन्च (सिविक फोरम) सँगको सम्झौताको म्याद २०८२ साल चैत्र मसान्तसम्म थप गर्ने र कार्यसम्पादन सम्झौता बमोजिमको बाँकी रकम रु ४ लाख ५८ हजार ५ सय ८६ मात्र भुक्तानी गर्ने ।

निर्णय नं. १४ : सङ्घीय सरकार, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकालाई चालु आ.व. मा प्राप्त रकमबाट तपसिलको योजना तथा कार्यक्रम आगामी नगरसभामा पेश गर्नेगरी संशोधन गरी कार्यान्वयन गर्ने ।

| क्र.स. | साविकको योजनाको नाम | रकम रु | संशोधित योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | कोथे खोला भुतछहरा पहिरो नियन्त्रण, भीनपा ७ | ५७६८००/- | उखुबारी काउले सडक सोलिंग, भीनपा ७ | ७ जना श्रमिक |
| २ | लप्से गोरेटो बाटो आयोजना, भीनपा ८ . . . | ४९४,४००/- | लप्से कुलामुनी सडक सोलिंग, भीनपा ८ | ६ जना श्रमिक |
| जम्मा | | | १०,७१,२००/- | |

प्रसाद सुवेदी

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८२/१२/१०

निर्णय नं. १५ : चरिकोट खानेपानी तथा सरसफाई संस्था र चरिकोट खानेपानी तथा सरसफाई समितिले यस नगरपालिकाका विभिन्न वडाहरुमा खानेपानी व्यवस्थापन गर्दै आईरहेकोमा दुवै समितिहरुबाट खानेपानी व्यवस्थापन गर्दा उपभोक्ताहरुलाई मर्का परी खानेपानी व्यवस्थापनमा समस्या परी दुवै संस्थाबाट एकीकृत गरिदिन नगरपालिकालाई अनुरोध भई आएकोमा खानेपानी व्यवस्थापनका लागि प्रभावकारी, व्यवस्थित र न्यायचित बनाउन यस नगरपालिकामा मिति २०८२/१२/०८ गते नगर प्रमुखको संयोजकत्वमा बसेको त्रिपक्षीय बैठकमा भएको निर्णयलाई अनुमोदन गर्दै कार्यान्वयन गर्ने ।

निर्णय नं. १६ : भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी नगरसभामा अनुमोदन हुने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

| क्र.स. | योजनाको नाम | रकम रु | सि.नं. |
|---|---|---|---|
| १ | जम्जुत्ता पदमार्ग सिढी निर्माण, भीनपा ५ | १ लाख | १९२ |
| २ | कान्छीहाउस पहिरो रोकथाम, भीनपा २ | १ लाख | २८१ |
| ३ | खहरेखोला प्रतिक्षालय निर्माण, भीनपा ७ | ५०हजार | ३०३ |
| ४ | कारागार अदालत सडक निर्माण, भीनपा ३ | १ लाख | ३०३ |
| ५ | कारागार अदालत सडक निर्माण, भीनपा ३ | ७० हजार | १९२ |
| ६ | होमस्टे प्रवर्द्धनका लागि अवलोकन भ्रमण | १ लाख | १३८ |
| ७ | थापा कृषि तथा पशुपालन फर्म सिंचाई व्यवस्थापन, भीन | २५ हजार | १३८ |
| ८ | ओखरेनी गोरेटो बाटो निर्माण, भीनपा ४ | १ लाख ५० हजार | ३०३ |
| ९ | बिसाना घर रोल सिढी ढलान, भीनपा ९ | १ लाख | १९२ |
| १० | दोलखा जिल्ला फुटसल प्रतियोगिता, २०८२ | ५० हजार | १९२ |
| ११ | गैरागाउँ खानेपानी तथा सिंचाई पाईप व्यवस्थापन, भीनप | २५ हजार | १३८ |
| १२ | टाडी फेदी खानेपानी पाईप व्यवस्थापन, भीनपा ७ | १२ हजार | १३८ |
| १३ | पशुपति कन्या मन्दिर विद्यालयको सडकसँग जोडिएको मर्मत, भीनपा ३ | १ लाख | १९२ |
| १४ | कोल्ड च्याम्बर निर्माण, भीनपा ४ | १ लाख | १९२ |
| १५ | बगलथली खानेपानी व्यवस्थापन, भीनपा १ | २५ हजार | १३८ |
| १६ | पिप्ले भित्ताघर - कार्कीगाउँ गोरेटो बाटो निर्माण, भीनपा | १ लाख ५० हजार | १९२ |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति २०८२/१२/१०

| | | | |
|---|---|---|---|
| १७ | बाँसघारी रामेडाँडा सडक पहिरो पन्छाउने र नाला निर्मा भीनपा १ | २५ हजार | १३८ |
| १८ | गैरीडाँडा खानेपानी व्यवस्थापन, भीनपा ९ | १ लाख | १९२ |
| १९ | कालथाप्रे सिंचाई पोखरी व्यवस्थापन, भीनपा ७ | १३ हजार | १३८ |
| २० | लप्से गोरेटो बाटो, भीनपा ८ | १ लाख | ३०३ |
| २१ | कालीदेवी मन्दिर प्रतिक्षालय निर्माण , भीनपा ५ | १ लाख २५हजार | १९२ |
| २२ | अल्पाइन नागथान मार्ग, भीनपा ६ | १ लाख ५० हजार | १९२ |
| २३ | कडेन खानेपानी आयोजना, भीनपा ८ | १५ हजार | १९२ |
| २४ | नागस्थान डाँडागाउँ टोलमार्ग सुधार समिति (कुर्सि, हिलटेक टयांकी र पाईप व्यवस्थापन) | ६० हजार | १९२ |
| २५ | गामनागी- थलनागी सडक मर्मत, भीनपा ८ | १ लाख | १९२ |
| २६ | फलाटे मन्दिर मर्मत, भीनपा ५ | २ लाख | १९२ |

निर्णय नं. १७ : विविध

क) यस नगरपालिकाको सवारी चालक श्याम कुमार खड्काले प्रयोग गरेको मोटरसाइकल नं. बा.प्र. ००१-२-३८९८ हाल निज बागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयमा काजमा रहेकोले उक्त मोटरसाइकल अर्को व्यवस्था नहुन्जेलसम्मका लागि वडा नं. ९ का वडा प्राविधिक चित्र बहादुर श्रेष्ठलाई उपलव्ध गराउने ।

ख) सामाजिक विकास कार्यालय, धुलिखेलको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम 'ब्युटीसियन तालिमको सूचना जारी गर्दा समेत कार्यान्वयन गर्न ३ नं. वडामा मात्र पर्याप्त सहभागी नहुने देखिएकोले नगरस्तरीय (वडा नं. १-९ सबै) कार्यक्रम गर्न उपयुक्त भएकोले उक्त ब्युटीसियन तालिम सबै वडालाई समेटेर सन्चालन गरी सामाजिक विकास कार्यालय, धुलिखेललाई जानकारी गराउने ।

ग) जिल्ला जलस्रोत समितिमा मुहान दर्ताको लागि दर्ता भएका निवेदन र यस कार्यालयमा पेश भई आएका देहायका मुहान दर्ता तथा मुहान थपको निवेदन सम्बन्धमा छलफल गर्दा उक्त निवेदनहरुको अवस्था देहाय अनुसार रहेको हुँदा देहायको उपभोक्ता समितिको नाममा देहायका मुहान दर्ता गर्ने समितिको निर्णयलाई अनुमोदन गर्ने।

तपसिल

१) श्री ढाडे खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ८ (मुहानको नाम : ढाडे मुहान)

२) श्री थांसा डुड खानेपानी तथा सरसफाई उपभोक्ता समिति, भीनपा ७ (थांसा डुड खोला)